
# वार्षिक समिक्षा कार्यक्रम

## आ.व.२०७५/०७६

घोराही उपमहानगरपालिका,दाङ्ग
भीमवहादुर चौधरी
तथ्यांक अधिकृत
अधिकृत स्तर सातौ तह

# घोराही उपमहानगरपालिकाको नक्सा



# घोराही उपमहानगरपालिका दाङ  संक्षिप्त चिनारी

| | |
|---|---|
| क्षेत्रफल | : ५२२.२१ वर्ग कि.मी. |
| वडा संख्याः | : १९ |
| जनसंख्या | :१५२७६६ जना (म. ८०४५१ जनां ,पु. ७२३१५ जना) |
| कूल घरधुरी संख्या | : ३५६४७ |
| जनघनत्व | : २९३ प्रतिवर्ग कि.मी. |
| औषत परिवार संख्या | : ४.३ जना |
| जनसंख्या वृद्धिदर : | : ३.७८ |
| लैगिक अनुपात : | : ८९.८९ |
| कूल साक्षारता दर | :७३.५८ प्रतिशत |
| महिला साक्षरता दर | : ६६.३३ प्रतिशत |
| पुरुष साक्षारता दर | :८२.१५ |
| खानेपानी सेवा पुगेको घरधुरी | : ८५.९१ प्रतिशत |
| विद्युत सेवा पुगेको घरधुरी | : ९५.२९ प्रतिशत |
| औषत आयु | : ६६.३ वर्ष दाङ्ग जिल्ला |
| महिलाको औषत आयु | : ६७.६ वर्ष |
| पुरुषको औषत आयु | : ६५.१ वर्ष |

श्रोत : घोराही उपमहानगरपालिकाको पार्श्र्वचित्र २०७५,:population monograph 2014 vol 1

# आर्थिक वर्ष २०७५/०७६ को प्रगती विवरण

- आ.व.२०७५/०७६ को कूल वजेट १ अर्व ४९ करोड २६ लाख ८३ हजार अनुमान गरिएको थियो

# आय तर्फ

आर्थिक वर्ष २०७५/०७६ को लागि श्रोतहरु

१.संघिय सरकार बाट प्राप्त हुने वित्तिय समानिकरण अनुदान रु.३२ करोड ४६ लाख

२.राजस्व बाडफाटबाट रु.२१ करोड ६९ लाख ८५ हजार

३.शर्सत अनुदान रु.४४ करोड ८१ लाख

४.प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय समानिकरण अनुदान रु.७३ लाख १३ हजार

५.उपमहानगरपालिकाको आन्तरीक राजस्व रु.१९ करोड

६.लागत सहभागिता रु.५ करोड

७.समाजिक सुरक्षा कार्यक्रम ,सडक बोर्ड र अन्य शिर्षकहरुबाट रु.२१ करोड ३४ लाख आय अनुमान गरिएको थियो ।


जम्मा १ अर्व ४९ करोड २६ लाख ८३ हजार


# आन्तरिक आय तर्फ

- **आर्थिक वर्ष ०७५/०७६ मा उपमहानगरपालिकाको आन्तरिक आय रु.२१ करोड २४ लाख ९६ हजार १३० रुपैयाँ संकलन भएको छ।**

**जस्मा मालपोत रजिष्ट्रेसन शुल्क रु ९ करोड ३३ लाख ८० हजार ७३२ (१० महिनाको) आ.व ०७४/०७५ मा मालपोत रजिष्ट्रेसन शुल्क प्राप्त नभएको**

- अर्थात लक्ष्यको १११.८४ प्रतिशत आन्तरीक राजस्व संकलन भएको छ।
- गत आ.व.२०७४/०७५ को सोही अवधि सम्ममा रु. ६करोड ६४ लाख ८ हजार २७८ आन्तरीक राजस्व संकलन भएको थियो।
- अर्थात लक्ष्यको ३४.९५ प्रतिशत आन्तरीक राजस्व संकलन भएको छ।




# व्यय तर्फ

- आर्थिक वर्ष २०७५/०७६ का लागि कूल वजेट रु.१ अर्व ४९ करोड २६ लाख ८३ हजार विनियोजन भएको थियो ।
- जसमध्ये चालु तर्फ ९१ करोड ५७ लाख ८५ हजार अर्थात वजेटको ६१.३५ प्रतिशत र
- पुंजिगत तर्फ रु.५७ करोड ६८ लाख ९८ हजार अर्थात ३८.६५ प्रतिशत वजेट विनियोजन भएकोमा


# व्यय प्रवृत्ति


| क्र.सं. | आ.व. ०७४/७५ | | | आ.व. ०७५/७६ | | |
|---|---|---|---|---|---|---|
| | विनियोजित वजेट | खर्च | खर्च प्रतिशत | विनियोजित वजेट | खर्च | खर्च प्रतिशत |
| चालु | ५५८९२०००० | ६९०९६७८७०.७ | १२३.६३ | ९१५७८५००० | ८५२६३३१८२.६ | ९३.१० |
| पूँजीगत | ७९९१०५००० | ६३९३९०८६३.६ | ८०.०१ | ५७६८९८००० | ५००५६८२०२.१ | ८६.७७ |
| जम्मा | १३५८०२५००० | १३३०३५८७३४ | ९७.९६ | १४९२६८३००० | १३५३२०१३८५ | ९०.६६ |


# वजेट खर्च प्रवृत्ति आ.व २०७४/०७५ र आं.व.२०७५/०७६



# वजेट विनियोजन अनुपातको प्रवृत्ति



# शाखा/महाशाखा अनुसार प्रगति विवरण

## २०७५/०७६

# सामान्य प्रशासन महाशाखा

| | |
|---|---|
| नेपाल सरकारवाट स्वीकृत दरवन्दी | २३१ जना (स्वास्थ्य वाहेक) |
| कार्यरत कर्मचारी संख्या | २३२ जना |
| करार कर्मचारी संख्या | ५० जना |
| स्वास्थ्य केन्द्र/ हे .पो तर्फ | ... जना |

सम्पादन गरेका मुख्य कार्यहरु

१ कर्मचारी सम्वन्धी अभिलेख अद्यावधिक राख्ने कार्य

२ कर्मचारीहरुको विदा काजको अभिलेख राख्ने कार्य

३ करार ज्यालादारी कर्मचारीहरु अभिलेख राख्ने

४ अन्य आवश्यक प्रशासनिक कार्यहरु

## पूर्वाधार महाशाखा

## यस महाशाखा अर्न्तगत आ.व.२०७५/०७६ को लागि

१.स्थानीय सडक तर्फ रु. १३ करोड ९० लाख

२.सिचाई तर्फ रु.२० लाख

३.भवन तथा सहरी विकास तर्फ रु. ३ करोड २५ लाख

४.उर्जा तर्फ रु.४३ लाख ४५ हजार

५.जलाधार संक्षरणको लागि रु. १ करोड ८५ लाख

जम्मा नगर स्तरीय रु.१९ करोड ६३ लाख ४५ हजार

६.वडागत पूजिगत अनुदानको लागि प्रति वडा रु.९० लाखको दरले रु.१७ करोड १० लाख गरी

कूल  ३६ करोड ७३ लाख ४५ हजार वजेट विनियोजन भएको थियो ।

# योजना कार्यान्वयन अवस्था

**कूल लागत अनुमान : रु ३५ करोड ४२ लाख ४१ हजार १६७**


**अनुदान रकम :रु ३३ करोड १२ लाख ५२ हजार ७५०**

**लागत सहभागिता :रु २ करोड ५ लाख ५६ हजार ९४२**

**कूल मूल्यांकन :रु ३१ करोड ९३ लाख ९५ हजार ६९७**

**वित्तिय प्रगति : ९६।४२**

**भौतिक प्रगति : १००**



आ.व. २०७५/०७६


# वार्षिक प्रगति विवरण

| सि.नं. | कार्यक्रम | ईकाई | परीमाण | विनियोजित रकम | खर्च रकम |
|---|---|---|---|---|---|
| क | सडक तर्फ | | | | |
| १ | पक्कि सडक | कि.मी | ११ | ९९००००००।०० | रनिङ |
| २ | ग्राभेल सडक | कि.मी | ४९ | ५७५८००००।०० | ५५५१८९४८।०७ |
| ३ | कच्चि सडक | कि.मी | २२ | ३६५८७६००।०० | ३५२७७९६२।२२ |
| ४ | ह्युमपाईप पक्की कल्भर्ट | गोटा | १५० | १८५६६८३३।०० | १७९०२२४१।०१ |
| ख | सिचाई तर्फ | | | | ०।०० |
| १ | बोरीङ | गोटा | १४ | १४१०००००।०० | १३५९५२९६।४२ |
| २ | पक्कि तथा कच्चि कूलो | गोटा | ६२ | १६५७८५००।०० | १५९८५०७९।५५ |
| ३ | डयाम र ग्यावियन जाली | गोटा | ४६ | ४६८५३०००।०० | ४५१७५९१६।५४ |
| ४ | अन्य | गोटा | १९ | १५२५०००।०० | १४७०४१३।२७ |

# वार्षिक प्रगति विवरण

| सि.नं. | कार्यक्रम | ईकाई | परीमाण | विनियोजित रकम | खर्च रकम |
|---|---|---|---|---|---|
| ग | खानेपानी तर्फ | | | | ०।०० |
| १ | वोरिङ कुवा टंकी निर्माण | गोटा | ४९ | १५६००००।०० | १५०४१६०।४५ |
| २ | अन्य | गोटा | २३ | २००००००।०० | १९२८४१०।८४ |
| घ | भवन | | | | ०।०० |
| १ | सरकारी, सा.भवन, सौचालय निर्माण | गोटा | ४० | ४६५००००।०० | ४४८३५५५।२० |
| २ | विद्युत विस्तार | कि.मी | १४ | ६५०००००।०० | ६२६७३३५।२३ |
| ३ | अन्य | गोटा | २४ | १५६५०००।०० | १५०८९८१।४८ |
| ङ | वातावरण संरक्षण | | | | ०।०० |
| १ | बृक्षरोपन तथा तारवार | हेक्टर | १४ | १५५०००००।०० | १४९४५१८४।०१ |
| २ | अन्य | गोटा | १२ | १५३६८१७।८८ | १४८१८०८।१३ |
| च | खेलकुद | | | | ०।०० |
| १ | खेलकुद,(प्रदेश सरकारवाट प्राप्त रकम) रंगसाला, क्रीकेट मैदान निर्माण | गोटा | २६ | ४६५००००।०० | ४४८३५५५।२० |
| २ | अन्य | गोटा | ९ | २५०००००।०० | २४१०५१३।५५ |
| | | | | ३३१२५२७५०।८८ | २२३९३९३६१।१७ |

# योजना संशोधन अवस्था



## आ.व ०७५/०७६ मा सम्पादन भएका कार्यहरु

१.अघिल्लो आ.व.मा संचालन भई सम्पन्न हुन बाकी रहेका  वडा नं.१०,११,१७,९, ७ ,१६र ८का कार्यालयको भवन तथा पर्खालहरुको निर्माण सम्पन्न गरी वडा कार्यालयहरु संचालनमा रहेका छन ।

२. वडा नं.१,  निर्माण कार्य सम्पन्न र वडा नं.१८र१९ निर्माण कार्य भैरहेको ।

३.वडा नं. १र २  स्थीत चेपेखोलामा ड्याम निर्माणका लागि घोराही उपमहानगरपालिका र प्रदेश सरकारको संयुक्त लागत सहभागितामा रु १ करोड वजेट स्वीकृत भएको जस्को करिव ८० प्रतिशत कार्य सकिएको ।

४.सुर्केडांगी चाक्ली घाट सडक विस्तार तथा निर्माण कार्य भैरहेको ।

५.घोराही मसिना देखि वडा नं.१९ कार्यालय जोड्ने सडक उपभोक्ता समितिबाट निर्माण कार्य सम्पन्न ।

६ नगर भित्र वग्ने नदी नालाहरुको विगत आ.व.मा गरिएको वाहेक अन्य स्थानहरुको IEE गरिसकिएको ।

७ वधशाला,गुलरिया क्रिकेट मैदान ज्यामिरे दह चरिङे दह जस्ता योजनाहरुको DPR विस्तृत परियोजना प्रतिवेदन तयार भैसकेको

**आ.व ०७५/०७६ मा सम्पादन भएका कार्यहरु**

८.शहिद गेट देखि दक्षिण जि.प्र.का. जाने पिच सडक विस्तारको कार्य भैरहेको ।

९.घोराही उपमहानगरपालिकाको ६ करोड ५० लाख र स्थानीय उपभोक्ताको १ करोड ७३ लाख को लागत सहभागितामा पिच सडक निर्माण गर्न उपभोक्ता संग सम्झौता भई निर्माण कार्य सम्पन्न भैसकेको ।

१०.खैरा कोठरी पिच सडक निर्माण भइ सकेको छ ।

११ गुमराह चोक देखि आर्मी व्यारेक सम्मको सडक विस्तारको कार्य भैरहेको छ ।

१२ ल्याण्डफिल्ड साइडमा नकुहिने प्रकृतिका वस्तुहरु जम्मा गरि राख्ने MRF भवन वनिसकेको छ ।

१३ तराइ मधेस समृद्धि कार्यक्रम र स्थानीय पूर्वाधार साझेदारी विकास कार्यक्रम तोकिए वमोजिम सम्पन्न भएको । जस्मा तराइमधेस समृद्धि कार्यक्रमवाट वडा नं. १,३ र ८ मा ३ वटा स्वास्थ्य चौकी भवन निर्माण सम्पन्न भएको ।

१४ वडा नं. १० ,१२ र १८ मा प्रस्तावित कृत्रिम जलासय वनाउने कार्य लक्ष्य अनुसार सम्पन्न ।

## आ.व ०७५/०७६ मा सम्पादन भएका कार्यहरु

१५ प्रधानमन्त्री रोजगार कार्यक्रम वाट नाला सफाइ ,वृक्षारोपन,सिँचाइ कुलो इनार, विद्यालय पर्खाल निर्माण,कल्भर्ट जस्ता कार्यहरु सम्पन्न भएका छन

१६ घोराहीको ऐतिहासिक महत्व झल्कने गरी घोडाको प्रतिमा तयार भैरहेको ।

१७ नगर प्रोफाइल यसै वर्ष तयार भइ नगर गुरु योजना वन्ने क्रममा रहेको ।

१८.बाम्ला झाक्रि खोला राल्वाङ सडक निर्माण सम्पन्न ।

# भवन अनुमति तथा मापदण्ड कार्यान्वयन शाखा

आ.व ०७५/०७६

१ भूकम्प प्रतिरोधी घर वनेको :४१७


२ साधारण घर : ४१

३ अभिलेखिकरण : १४७

४ अभिलेखिकरण सम्वन्धि अन्य कार्य भैरहेको

# वातावरण,विपद्  तथा सर सफाई व्यवस्थापन महाशाखा

| क्र. स. | शाखामा अन्तर्गत विवरण | कुल रकम |
|---|---|---|
| १ | कुल विनियोजित बजेट | रू.९६,००,०००| |
| २ | कुल खर्च | रु. ८३५६४२० |
| ३ | खर्च नभएको रकम | रु. ६३८५८० |
| ४ | वितीय प्रगति | ८७.०४% |
| ५ | भौतिक प्रगति | ९५.०५% |



## वातावरण तथा विपद् व्यवस्थापन शाखाबाट आ.ब.२०७५।७६ मा भएका कार्यहरु :


- मिति २०७६।०२।०४ गतेका दिन नगर विपद् व्यवस्थापन समितिको गठन ।
- घोराही उपमहानगरपालिका क्षेत्रभित्रका आगलागी पिडितहरुलाई राहत सामाग्रीहरु तथा जस्तापाता वितरण गरिएको ।
- खरको छ्ानो मुक्त नगर बनाउने अभियानको सुरुवात स्वरुप वडाहरुबाट आवश्यक प्रारम्भीक तथ्याङ्क संकलन गरिएको ।
- घोराही उपमहानगरपालिकाको विपद् जोखिम न्यूनिकरण गर्न बनेको बिधेयक २०७५, विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७५ तथा आपतकालिन कार्य सञ्चालन केन्द्र सञ्चालन कार्यविधि २०७५ तयार भएको ।
- संघीय तथा प्रादेशिक निकायहरुबाट माग भै आएको विपद् व्यवस्थापन सम्बन्धी तथ्याङ्क तथा विवरणहरु उपलब्ध गराईएको ।

- ल्याण्डफिल्डसाइटमा फोहरवाट वायोग्यास उत्पादन सम्वन्धि त्रिपक्षिय संझौता भई कार्य प्रारम्भ भएको ।
- घोराही उपमहानगरपालिकाको वातावरण संरक्षण विद्येयक २०७५
- फोहर मैला व्यवस्थापन कार्यविधि २०७४
- कृत्रिम जलासयमा सूचना तथा सचेतनामूलक जानकारी सहितको होडिङ वोर्ड
- घोउमनपा वडा नं. ४,१०,१७ र १८  मा थप नयाँ रुटवाट फोहर उठाउने व्यवस्था
- भू तथा जलाधार एवं जलचर संरक्षण विद्येयक तयार भैरहेको ।
- प्रत्येक वडामा वडा स्तरीय खानेपानी सरसफाइस्वच्छता समन्वय समिति गठन गर्ने कार्यक्रम भैरहेको
- विभिन्न वडा कार्यालयहरुमा खानेपानी तथा सरसफाइको अवस्था वारे अभिलेखिकरण कार्य भैरहेको

- तुलसीपुर चोक – कटुवा खोलासम्मको ग्रिन बेल्टमा हरियाली बनाउने कार्य प्रारम्भ भएको ।
- नया सडक टोलमा सरसफाई तथा ग्रिन बेल्टमा बढी भएको माटो निकाल्ने काम भएको ।
- तुलसीपुर चोक – ट्राफिक टोलसम्मको सडक र नवलपुर क्षेत्रमा सरसफाई अभियानको रुपमा संचालन भएको ।
- सिसाजन्य र पलाष्टिक जन्य फोहर ब्यवस्थापन गर्न कार्यका लागि आबश्यक पूर्वाधार तयार गरेको ।
- भैसी बध गर्ने बधशाला ब्यवस्थापनका लागि सम्बन्धीत पक्षबाट सुधारको थालनी ।
- डिभिजन बन कार्यालयको सहकार्यमा बिश्व वाताबरण दिवसमा तुलसीपुर चोक देखि स्वर्गद्धारी एफ एमसम्मको सडकसम्म सडक सरसफाईका साथै १०० वटा डस्टबिन बितरण गरेको ।
-

# शिक्षा, युवा तथा खेलखुद महाशाखा

| क्र. स. | शाखामा अन्तर्गत विवरण | कुल रकम |
|---|---|---|
| १ | कुल विनियोजित बजेट | रु. ४८ करोड ३८लाख२५ हजार |
| २ | कुल खर्च | रु. ४७ करोड २७ लाख ३९ हजार |
| ३ | खर्च नभएको रकम | रु. १ करोड १० लाख ८६ हजार |
| ४ | वितीय प्रगति | ९७.४% |
| ५ | भौतिक प्रगति | ९७.७% |



## २०७५/०७६ मा सम्पादन गरिएका कार्यहरु

१.कक्षा ११ मा संस्थागत विद्यालयले प्रदान गर्नुपर्ने १० प्रतिशत छात्रवृत्तिको परिक्षा संचालन गरि विद्यालयहरुमा विद्यार्थी सिफारिस ।

२.शिक्षकको क्षमता विकास गरि विद्यालय शिक्षाको गुणस्तर सुधारको लागि अंग्रेजी माध्ययमबाट संचालन भएका विद्यालयहरुका शिक्षकहरुलाई अंग्रेजी माध्ययममा शिक्षण सम्बन्धी तालिम संचालन ।

३.बालबालिकास कक्षाको व्यवस्थापन प्रभावकारिता ल्याउनका लागि ४० विद्यालयका वालविकास कक्षाकोठा व्यवस्थापनको लागि कुशन र पीफर्मको व्यवस्था ।

४.अस्थाई/करार शिक्षक नियुक्तिलाई व्यवस्थित र निश्पक्ष बनाउनको लागि प्रश्न बैंकको निर्माण र सोको प्रयोग ।

५.विद्यालयका प्र.अ.तथा परिक्षा संयोजकहरुलाई प्रश्न निर्माण सम्बन्धि अभिमुखिकरण कार्यक्रम

२०७५/०७६ मा सम्पादन गरिएका कार्यहरु

६.शैक्षिक सुशासन तथा शिक्षक नियमितता र प्रभावकारी सिकाईका लागि विद्यालय तथा प्राविधिक शिक्षालयहरुको सघन निरिक्षण कार्यको शूरुवात ।

७.स्वाथ्यको लागि खेलकुद/खेलकुदका लागि युवा भन्ने अभियान अर्न्तगत दोश्रो मेयरकप रनिङ फुटवल प्रतियोगिता सम्पन्न ।


८.विद्यालयहरुको परिक्षालाई व्यवस्थित बनाउने कार्यको थालनी तथा कक्षा ८ को परिक्षा संचालन गर्ने कार्य शुरु ।

९.संस्थागत विद्यालयहरुको नियमन गर्ने कार्यको शुरुवाट ।

१०.विज्ञान प्रयोगशाला,सूचना प्रविधिको स्थापना,पुस्तकालय तथा शौचालय व्यवस्थाको लागि विद्यालयहरुलाई अनुदान प्रदान ।


# जनस्वास्थ्य प्रवर्द्धन शाखा

| क्र. स. | शाखामा अन्तर्गत विवरण | कुल रकम |
|---|---|---|
| १ | कुल विनियोजित बजेट | ६ करोड ३८ लाख १२ हजार |
| २ | कुल खर्च | रु.५ करोड१७ लाख ५७ हजार ४०० |
| ३ | खर्च नभएको रकम | रु. १ करोड २० लाख ५४ हजार ६०० |
| ४ | वितीय प्रगति | ९६.१८% |
| ५ | भौतिक प्रगति | ९५.०५% |



## जनस्वास्थ्य प्रवर्द्धन शाखा

- सशर्त तर्फको वजेट ५ करोड ३८ लाख १२ हजार र
- समानिकरण तर्फ १ करोड गरी ६ करोड ३८ लाख १२ हजार वजेट विनियोजन भएकोमा



## यस शाखा अर्न्तगत २०७५/०७६ मा सम्पादन गरिएका कार्यहरु

१.जेष्ठ नागरिक स्वास्थ्य शिविर ।

२.एच.आई.भी. तथा यौनरोग संचालन खर्च र दिवस

३.शहरी स्वास्थ्य संचालन निरन्तरता

४.राष्ट्रिय भिटामिन ए कार्यक्रम पहिलो चरण सम्पन्न तथा पाखुराको नाप लिने तथा बाल बिटा बितरण ।

५.आयोडिन महिना समिक्षा तथा हजार दिनका आमाहरुलाई आयोडिन नुन बितरण ।

६. वर्थ डिफेक्ट (जन्मदोष)कार्यक्रम ।

७.म.स्वा.स्व.से.कार्यक्रम समिक्षा तथा सम्मान ।

८.पूर्णखोप सुनिश्चितता समिक्षा तथा सर्भे ।

९.शहरी स्वास्थ्य केन्द्र स्थापना तथा उट्घाटन ।

१०.क्षयरोग नियन्त्रण चौमासिक समिक्षा ।

११. जन स्वास्थ्य सम्बन्धि एफ.एम.मा सन्देश प्रशारण ।

१२.क्षेत्रीय मेडिकल स्टोर बाट निशुल्क औषधि प्राप्त गरी स्वास्थ्य संस्थामा वितरण ।

१३.शहरी स्वास्थ्य प्रवर्द्धनको लागि मेडिकल अफिसर करारमा भर्ना ।


१४.करारमा आमा सुरक्षाका लागि अनमी भर्ना ।

१५.किशोरीहरुलाई आईरन चक्कि बितरण तथा समिक्षा ।

क्रमश

# महिला बालबालिका तथा सामाजिक विकाश शांखा

| क्र. स. | शाखामा अन्तर्गत विवरण | कुल रकम |
|---|---|---|
| १ | कुल विनियोजित बजेट | रु.९२ लाख ४२ हजार ३६७ |
| २ | कुल खर्च | रु. ८७ लाख८३ हजार ५४० |
| ३ | खर्च नभएको रकम | रु. ४ लाख ५८ हजार८२६ |
| ४ | वितीय प्रगति | ९५.०३% |
| ५ | भौतिक प्रगति | ८७.७१% |



## यसशाखा अर्न्तगत  हालसम्म सम्पादन गरिएका कार्यहरु

१.दलित समूदायका लागि कानुनि सचेतना कार्यक्रम ।

२.बालमैत्री वडा घोषणा ।

३.सडक तथा जोखिममा परेका बालबालिकाहरुका लागि आकस्मिक बालसरक्षण केन्द्र स्थापना ।

४.बाल संरक्षणको लागि समूदायमा आधारित संरक्षण तालिम ।

५.बृद्ध आश्रम व्यवस्थापन ।

६.बालबालिका शिक्षक अभिभावका बिच बाल विवाह न्युनिकरण अर्न्तरक्रिया ।

७.स्थानिय पूर्वाधार अपाङ्ग मैत्री, बालममैत्री र जेष्ठनागरिक मैत्री बनाउने सम्बन्धमा जनप्रतिनिधि बिच अर्न्तरक्रिया ।


८.अल्लो प्रशोधन तालिम सासु बुहारी अर्न्तरक्रिया ।

९.जेष्ठनागरिक दिवा सेवा केन्द्र संचालन ।

१०.जेष्ठनागरिक सम्मान,अपाङ्ग परिचयपत्र वितरण तथा पञ्जिकरण बारे जानकारी गोष्ठी लगायत    अधिकांश कार्यक्रमहरु सम्पन्न भएका छन् ।

# पञ्जिकरण शाखा

| क्र. स. | शाखामा अन्तर्गत विवरण | कुल रकम |
|---|---|---|
| १ | कुल विनियोजित बजेट | रु. २२ करोड २४ हजार ४०० सामाजिक सुरक्षा |
| २ | कुल खर्च | रु. २२ करोड २४ हजार ४०० |
| ३ | खर्च नभएको रकम | रु. ० |
| ४ | वितीय प्रगति | १००% |
| ५ | भौतिक प्रगति | १००% |



# सामाजिक सुरक्षा कार्यक्रम

| सामाजिक सुरक्षा भत्ता वितरण २०७५/०७६ घोराही | | | जम्मा |
|---|---|---|---|
| लाभग्राही विवरण | | | |
| जेष्ठ नागरिक भत्ता- अन्य | संख्या | ४४८९ | ४४८९ |
| | रकम | ५२६८१००० | ५२६८१००० |
| जेष्ठ नागरिक भत्ता (दलित) | संख्या | १७०४ | १७०४ |
| | रकम | १९९५८००० | १९९५८००० |
| एकल महिला भत्ता | संख्या | ९ | ९ |
| | रकम | १०८००० | १०८००० |
| बिधवा भत्ता | संख्या | ५२३२ | ५२३२ |
| | रकम | ६२२९२००० | ६२२९२००० |
| लोपोन्मुख आदिवासी/जनजाती | संख्या | २६ | २६ |
| | रकम | ६२४००० | ६२४००० |
| पूर्ण अपाङ्गता भत्ता | संख्या | २७८ | २७८ |
| | रकम | ६६५२००० | ६६५२००० |
| अति अशक्त अपाङ्गता भत्ता | संख्या | ४२७ | ४२७ |
| | रकम | ३०५६४०० | ३०५६४०० |
| बालबलिका सुरक्षा भत्ता - दलित | संख्या | २३१४ | २३१४ |
| | रकम | १०१४४००० | १०१४४००० |
| जे .ना. आौषधी उपचार भत्ता | संख्या | ५५०६ | ५५०६ |
| | रकम | ६४५०९००० | ६४५०९००० |
| जम्मा | संख्या | १४४७९ | १४४७९ |

अनुसूचि-५

दफा १० को उपदफा १ सँग सम्बन्धित

व्यक्तिगत घटना दर्ताको संक्षिप्त प्रतिवेदन

प्रदेश : ५ नं. प्रदेश    जिल्ला : दाङ    गा.पा/न.पा. : घोराही    दर्ता मिति देखि : २०७५-०४-०१    दर्ता मिति सम्म : २०७६-०३-३१

| वडा नं. | जन्म | | | | मृत्यु | | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | बेवारिसे | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्य को संख्या | दर्ता संख्या | सदस्यको संख्या | जम्मा | |
| २ | १४९ | १४८ | | २९७ | ३० | २२ | | ५२ | १ | ९१ | ६ | २८ | ५ | २४ | | ४५२ |
| ३ | ५३ | ५० | | १०३ | १६ | ६ | | २२ | | ४५ | २१ | ८९ | ११ | ४९ | | २०२ |
| ४ | ९१ | ७७ | | १६८ | ११ | १४ | | २५ | १ | ४७ | २० | ८६ | ९ | ३१ | | २७० |
| ५ | १०७ | ११४ | | २२१ | १९ | १८ | | ३७ | ५ | ७९ | १७ | ६८ | १७ | ५२ | | ३७६ |
| ६ | ५२ | ४६ | | ९८ | ४ | ३ | | ७ | | ३९ | ४ | २० | २ | ५ | | १५० |
| ७ | १०३ | ६६ | | १६९ | २० | १२ | | ३२ | २ | ७९ | १३ | ५६ | ९ | ३० | | ३०४ |
| १० | ११० | १०५ | | २१५ | १४ | १० | | २४ | ३ | ७१ | ५६ | २१३ | ५ | २६ | | ३७४ |
| १४ | १४५ | १२१ | | २६६ | २२ | १४ | | ३६ | ३ | ८१ | ४० | १५० | ३७ | १५३ | | ४६३ |
| १५ | १२८ | १२९ | | २५७ | ३४ | २४ | | ५८ | ८ | १२६ | १२८ | ४९० | २३ | ७७ | | ६०० |
| १६ | ८५ | ६८ | | १५३ | १५ | १५ | | ३० | ३ | ६७ | ७१ | २८५ | १२ | ३३ | | ३३६ |
| १७ | २० | २० | | ४० | ६ | ३ | | ९ | १ | १४ | १९ | ७२ | | | | ८३ |
| १८ | १६९ | १७७ | | ३४६ | ४१ | १९ | | ६० | ६ | ११२ | ६७ | २५० | २४ | ७७ | | ६१५ |
| जम्मा | १२१२ | ११२१ | ० | २३३३ | २३२ | १६० | ० | ३९२ | ३३ | ८५१ | ४६२ | १८०७ | १५४ | ५५७ | ० | ४२२५ |


## आन्तरिक व्यवस्थापन तथा खरिद शाखा

- यस अवधिमा अनलाइन बाट कर बुझ्ने प्रणाली स्थापनाका लागि आवश्यक पर्ने कम्प्यूटर डट प्रिन्टर र व्याकअप सिस्टम सबैजसो वडामा पुऱ्याइयो ।
- वडा कार्यालयहरुका लागि मोटरसाइकल खरिद गर्ने काम भयो । खर्च रु.३०३७५००
- सरसफाइ शाखाको लागि सक्सन ट्यांक सहितको टयाक्टर थान एक र पावर ट्रेलर थान एक खरिद गरिएको खर्च रु २१लाख
- सवै चारपांग्रे सवारी साधनहरुमा जिपीएस जडान गरिएको खर्च रु.६ लाख ८ हजार

## कृषि विकास शांखा

यस शांखा अर्न्तगत

- शर्सत तर्फ ३५ लाख ८० हजार
- समानिकरण तर्फ ७६ लाख गरी
- जम्मा १ करोड ११ लाख ८० हजार रुपैया विनियोजित भएको थियो ।
- जस अर्न्तगत वित्तिय तथा भौतिक प्रगति  १०० प्रतिशत भएको छ ।



यसशाखा अर्न्तगत २०७५/०७६मा गरिएका कार्यहरुः-


१.	कृषक पाठशाला ।

२.	भकारो सुधार ।

३.	साना सिंचाई निर्माण,मर्मत सम्भार ,प्लाष्टिक पोखरी लगायत कार्यक्रम सम्पन्न भएका छन ।

# पशु सेवा शाखा

| क्र. स. | शाखामा अन्तर्गत विवरण | कुल रकम |
|---|---|---|
| १ | कुल विनियोजित बजेट | रु. ५० लाख ६३ हजार |
| २ | कुल खर्च | रु. ४८ लाख ३३ हजार |
| ३ | खर्च नभएको रकम | रु. २लाख ३० हजार |
| ४ | वितीय प्रगति | ९५.४६% |
| ५ | भौतिक प्रगति | ९३.१३% |




## यसशाखा अर्न्तगत २०७५ श्रावण देखि हालसम्म सम्पादन गरिएका कार्यहरु

१.नश्ल सुधारको लागि कृत्रिम गर्भधान ।
२.पशु आहारा ।
३.व्यववासायिक पशु फार्म प्रवर्द्धन ।
४.सहकार्यमा कृषकलाई ड्यूल प्रपोज कार्यक्रम ।
५.बोयर बोका वितरण ।
६.व्यवसायिक बाख्रा फर्महरुको सुदृढिकरण ।
७.गाई भैसि कृत्रिम गर्भधान प्रोत्साहन ।
८.इलेक्ट्रिक च्याप कटर सेट वितरण ।
९.कृषकहरुलाई हिंउदे घास विउँ वितरण ।
१०.पशुपंक्षि बजार प्रवर्द्धन ।
११.पशु स्वास्थ्य प्रयोगशाला कार्यक्रम अर्न्तगत लक्षित कूल रु.२५ कार्यक्रम मध्ये २० वटा
१२ गोठ,खोर तथा भकारो सुधार कार्यक्रम

# पर्यटन तथा संस्कृति प्रवर्द्धन शाखा

| क्र. स. | शाखामा अन्तर्गत विवरण | कुल रकम |
|---|---|---|
| १ | कुल विनियोजित बजेट | रु. ५६ लाख |
| २ | कुल खर्च | रु. ४२ लाख २९ हजार २३३ |
| ३ | खर्च नभएको रकम | रु. १३ लाख ७० हजार७६६ |
| ४ | वितीय प्रगति | ७५.५२% |
| ५ | भौतिक प्रगति | ८२.१४% |



**यसशाखा अर्न्तगत २०७५/०७५मा सम्पादन गरिएका कार्यहरुः-**

१.विश्व पर्यटन दिवसको अवसरमा घोराही क्षेत्रको पर्यटन विकास बारे अनर्तरक्रिया ।

२.नगरस्तरीय पर्यटन तथा सस्कृति प्रर्वद्धन समिति गठन तथा अभिमुखिकरण ।

३.घोराही उप-महानगरपालिकाको पर्यटकीय क्षेत्रको अध्ययन अनुसन्धान कार्यको प्रतिवेदन प्राप्त भएको ।

४.घोराहीको ऐतिहासिक महत्व झल्कने गरी घोडाको प्रतिमा तयार भैरहेको ।

५.प्रदेशस्तरीय माघि महोत्सव ।

६.पर्यटन प्रवर्द्धनको लागि चरिङ्गे दह जोड्न भोटेदहमा सिँडी निर्माण भएको


७ ज्यामिरे जलासय क्षेत्रको पर्यटन प्रवर्धनको लागि गुरु योजना निर्माण

८ वड्का नाचको लागि सामग्री खरिद भएको

९ पर्यटकीय सम्पदा पुस्तक, व्रोसर प्रकासन फोटो संकलन ।

# उपभोक्ता हित संरक्षण  शाखा

| क्र.स. | शाखामा अन्तर्गत विवरण | कुल रकम |
|---|---|---|
| १ | कुल विनियोजित बजेट | रु. ७२६०० |
| २ | कुल खर्च | रु. ४५६१० |
| ३ | खर्च नभएको रकम | रु. २६९९० |
| ४ | वितीय प्रगति | ८३% |
| ५ | भौतिक प्रगति | ८४% |



**यसशाखा अर्न्तगत २०७५ श्रावण देखि हालसम्म सम्पादन गरिएका कार्यहरुः-**


१. अन्तरक्रिया

२ वैठक व्यवस्थापन

३ अनुगमन

# सहकारी तथा रोजगार प्रर्वद्धन शाखा

| क्र.स. | शाखामा अन्तर्गत विवरण | कुल रकम |
|---|---|---|
| १ | कुल विनियोजित बजेट | रु. ३४लाख |
| २ | कुल खर्च | रु. २६ लाख |
| ३ | खर्च नभएको रकम | रु. ८ लाख |
| ४ | वितीय प्रगति | ७६.५% |
| ५ | भौतिक प्रगति | ५८% |



**यस शाखा अर्न्तगत २०७५/०७६ मा सम्पादन गरिएका कार्यहरु:-**


१.सरोकारवालाहरु संग सहकारीको विद्यमान ऐन नियम बारे अभिमुखिकरण ।

२.सहकारी संगको सहकार्यमा प्लास्टिक मुक्त अभियान कार्यक्रम सहकारी तथा गरिबि निवारण सम्बन्धि सूचना प्रणाली तालिम सम्पन्न ।

३.वैदेशिक रोजगारीबाट फर्किएका तथा उद्यम गर्न चाहने व्यक्तिहरुको ज्ञान शिपमा आधारीत कार्यक्रम ।

# सूचना संचार तथा प्रविधि शाखा

| क्र. स. | शाखामा अन्तर्गत विवरण | कुल रकम |
|---|---|---|
| १ | कुल विनियोजित बजेट | रु. २४लाख |
| २ | कुल खर्च | रु. १२ लाख ७९ हजार ३२० |
| ३ | खर्च नभएको रकम | रु. ११ लाख २० हजार ६८० |
| ४ | वितीय प्रगति | ५३.३% |
| ५ | भौतिक प्रगति | ९०% |



**कार्यहरु**

१.व्यक्तिगत घट्ना दर्ता तथा सामाजिक सुरक्षा सफ्टवयर मार्फत व्यवस्थापन तालिम संचालन भइ ११ वटा वडा कार्यालयहरुवाट घटना दर्ता शुरु

२ कर्मचारी तथा जनप्रतिनिधिहरुलाई सूचना प्रविधि सम्वन्धी तालिम ।

३ वृत्तचित्र तयारी

४  डिजिटल वोर्ड

५ सार्वजनिक सुनुवाई


६ वेवसाइट व्यवस्थापन,ग्रुप एसएमएस संचालन, सफ्टवेयर प्रणाली व्यवस्थापन

७ १८ वटा वडा कार्यालयहरुमा इन्टरनेट विस्तार

८ आइसीटी दिवस

# कानुनी मामिला शाखा

| क्र. स. | शाखामा अन्तर्गत विवरण | कुल रकम |
|---|---|---|
| १ | कुल विनियोजित बजेट | रु. ९ लाख |
| २ | कुल खर्च | रु. ६लाख |
| ३ | खर्च नभएको रकम | रु. ३ लाख |
| ४ | वितीय प्रगति | ७७.७७% |
| ५ | भौतिक प्रगति | १००% |



| आ.व.०७५/०७६ | | | | | गत आ.व.०७४/०७५ मा बाँकी रहेका १५१ | |
|---|---|---|---|---|---|---|
| | विषय | परेका उजुरी संख्या | मिलान पत्र/अन्तिम भएका | प्रक्रियामा रहेको | गत आ.व.कोृ विवाद यस आ.व.मा मिलापत्र भएको | गत आ.व.को तामेली (जसमा पत्राचार गर्दा घरमा मिलापत्र भैसकेको |
| १ | लेनदेन | ३२ | ७ | २५ | १ | २३ |
| २ | जग्गा विवाद/रोक्का | ७५ | ३१ | ४४ | १४ | ६४ |
| ३ | कुलो नाला पानि | ७ | १ | ६ | | २ |
| ४ | घर भाडा | २ | २ | ० | | ५ |
| ५ | वातावरण | २ | ० | २ | | ० |
| ६ | अन्य | ३४ | १५ | १९ | | १३ |
| ७ | घरेलु हिंसा | ५३ | २४ | २९ | | १६ |
| ८ | गालि बेईज्जती | ० | ० | ० | १ | १ |
| ९ | सम्वन्ध विच्छेद | | | | | ४ |
| १० | अंश | | | | | ३ |
| ११ | कुटपिट | १ | ० | १ | ० | २ |
| जम्मा | | २०६ | ८० | १२६ | १८ | १३३ |

अन्य कार्यहरु

१.न्यायिक समितिवाट सम्पादित कार्य वारे पत्रकार सम्मेलन ।

२.मेलमिलाप कर्ता सूचिकृत गरी मेलमिलाप सम्वन्धि अभिमुखिकरण कार्यक्रम

३ जनप्रतिनिधि र कर्मचारीहरुलाई देवानी संहिता ऐन २०७४ , फौजदारी संहिता ऐन २०७४ र स्थानिय सरकार संचालन ऐन २०७४ सम्वन्धि अभिमुखिकरण कार्यक्रम

## लेखापरिक्षण

### आवधिक बेरुजु स्थिती

१.गत वर्ष सम्मको फछ्र्यौट गर्न बांकी रु.२ करोड २६ लाख ४९ हजार ५ सय १९ पैसा ३९

२.यो वर्षको समपरिक्षणबाट कायम बेरुजु रु.२ लाख ४ सय मात्र

३.यो वर्षको कायम बेरुजु रु.२० करोड ६३ लाख ३८ हजार ३ सय ७१

४.जम्मा बेरुजु रु.२२ करोड ९१ लाख ८८ हजार २ सय ९० पैसा ३९

# मुख्य समस्या र चुनौती  नगर स्तरीय

१)  राजश्व बाँडफाँड नियमानुसार समयमा नआएको कारण योजना संचालन प्रक्रियामा कठिनाई भएको ।

२) संगठन संरचना अनुसार समायोजन समयमा नभएका कारण कर्मचारीमा कार्य जिम्मेवारीमा अलमलका कारण  उमनपा तथा वडाबाट दैनिक हुने सेवा प्रवाहमा केही समस्या रहेको ।

३) नयाँ संरचना अनुसार खटाइएका कर्मचारीहरुको लागि कार्य व्यवस्थापन गर्न भौतिक पूर्वाधारको कमी ।

४) स्थानीय तहसँग सम्बन्धित संघीय कानुन अभाव र प्रदेस सरकारबाट स्थानीय कानुन निर्माण सम्बन्धी कानुन समयमै नआउँदा स्थानीय कानुन बनाउँन ढिलाई हुँदा कतिपय कार्य गर्न समस्या भएको ।

## समस्या समाधानका उपायहरु

- निर्माण भएका संरचनाहरुको सरक्षण रेखदेख तथा  सम्वर्द्धन जनतावाट हुनुपर्ने ।
- सडक गल्ली तथा सार्वजनिक स्थानमा निर्माण सामग्री गिट्टी वालुवा राख्न नहुने ।
- फोहर मैला व्यवस्थापनमा गल्ने र नगल्ने फोहर छुट्टयाएर अलग अलग राख्नुपर्ने ।
- उपभोक्ता समितिले समयमै योजनाहरु सम्झौता गरी योजना सम्पन्न गर्नुपर्ने ।
- गुणस्तरीय योजना कार्यान्वयनको लागि उपभोक्ताहरु सचेत हुनुपर्ने ।
- उपभोक्ताबाट गरिने कामको लागत सहभागिता बढाउने।
- विकास निर्माणका कार्यमा जनसहभागी वढाउनुपर्ने ।
- नक्शा पास गरेर मात्र भवन निर्माण गर्ने गराउने।
- बुझाउनु पर्ने करहरु समयमै बुझाउन लगाउने ।

## हाम्रो सिकाइहरु

- जलाधार संरक्षणको वहुपक्षिय सम्बन्धः हिउँदे तथा बर्षे बालीको लागि सिँचाई गर्न सकिने । गाईवस्तुको लागि खानेपानीको व्यवस्था, जलाधारले बस्तिमा रहेका कुवाहरुमा पानी नसुक्ने हुँदा खानेपानीमा व्यवस्थापन गर्न सकिने, माछापालन व्यवसाय गर्न सकिने,जैविक विविधताको संरक्षण , पर्यटकीय स्थलको रूपमा संचालन गर्न सकिने अवस्थामा पुगेको ।
- फोहोर व्यवस्थापनमा गल्ने नगल्ने फोहोरहरू अलग अलग राख्नाले गल्ने फोहोरबाट जैविक मल बनाउन सकिने जसले गर्दा कृषि उत्पादनमा वृद्दि गर्न सकिने, बायोग्यास प्लान्टहरुको निर्माण गरी उर्जाको आवश्यकता पूर्ति गर्न सकिने ।
- लागत सहभागितामा सम्पन्न भएका योजनाहरु गुणस्तरीय हुनुका साथै संरक्षण र सम्वर्धनमा जनताको अपनत्व हुने ।
- योजना तथा कार्यक्रम संचालन गर्दा लागत स्टीमेट सहित कार्यतालिका अनिवार्य स्वीकृत गरी सोही बमोजिम कार्यान्वयन गर्दा समयमै र गुणस्तरीय रूपमा सम्पन्न हुने ।

# वडा अनुसार आ.व. २०७५/०७६को प्रगति विवरण

| वडा नं. | विनियोजित रकम | खर्च रकम | खर्च नभएको रकम | वित्तिय प्रगति | भौतिक प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १००००००००।- | ९७९८३१२।- | २०१६८८।- | ९७.९८ | १०० | |
| २ | | | | | | |
| ३ | १००००००००।- | ९७००००००।- | ३०००००।- | ९७. | १०० | |
| ४ | १००००००००।- | १००००००००।- | ० | १००. | १०० | |
| ५ | १००००००००।- | ९७७५८९६।- | २२४१०४।- | ९७.७५ | १०० | |
| ६ | १००००००००।- | ९७००००००।- | ३०००००।- | ९७. | ९७ | |
| ७ | १००००००००।- | ९८९९१७९।– | १००८२१ | ९८.९९ | १०० | |
| ८ | | | | | | |
| ९ | १००००००००।- | ९९१३८३३।– | ८६१६७ | ९९.१४ | ९९ | |

# वडा अनुसार आ.व. २०७५/०७६को प्रगति विवरण

| वडा नं. | विनियोजित रकम | खर्च रकम | खर्च नभएको रकम | वित्तिय प्रगति | भौतिक प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|
| १० | १०००००००।- | | | | | |
| ११ | १०००००००।_ | | | | | |
| १२ | १०००००००।- | | | | | |
| १३ | १०००००००।- | | | | | |
| १४ | १०००००००।- | ९९०००००  | १००००० | ९९ | १०० | |
| १५ | १०००००००।- | | | | | |
| १६ | १०००००००।- | | | | | |
| १७ | १०००००००।- | | | | | |
| १८ | १०००००००।- | १०००००००।- | ० | १०० | १००. | |
| १९ | १०००००००।- | | | | | |

# वडा नं. १

## १. सम्पादन हुन नसकेको कार्यहरु

छैन ।

## २. लक्ष्य नतोकिएका क्रियाकलापहरु र सम्पादन अवस्था

- व्यक्तिगत घटनादर्ता (५९१ जना)
- विविध सिफारिस ११४८, सामाजिक सुरक्षा वितरण ७८३
- **राजश्व संकलन**
- घटना दर्ता रु. २९८५०।-
- सिफारिस दस्तुर रु. २२२४६२।९२-
- मालपोत रु. ४६०२।९२-

## ३. कार्यक्रम सम्पादनका क्रममा आइपरेका समस्या र चुनौतीहरु

- विविध सिफारिसमा आवश्यक पर्ने कागजात नल्याउने ।
- इस्टीमेट निर्माण समितिले नबुझ्नु ।
- उपभोक्ता समितिलाई निर्माण सम्बन्धी प्रकृया थाहा नहुनु ।
- लागत सहभागिता उठाउन नमान्नु ।

## ४. समस्या समाधानका उपायहरु

- वडा कार्यालयमा वडापत्र तयार गरि सूचना दिने ।
- नेपालीमा इस्टीमेट गरिदिनुपर्ने ।
- उपभोक्ता समितिलाई तालिमको व्यवस्था हुनुपर्ने ।
- लागत सहभागितामा योजना सम्बन्धी फाइदा वेफाइदा सम्बन्धी बुझाउने ।

## वडा नं. ३

## कार्यक्रम सम्पादनका क्रममा आइपरेका समस्या र चुनौतीहरु

१. कम्प्युटर सम्बन्धी सीपको कमीका कारण सानो समस्या भएपनि अरुलाई सोध्नपर्ने जस्तै टोनर रिफिल, की सम्बन्धी ज्ञान, नेट सम्बन्धी समस्या, प्रिन्टर मेसिन सेट आदी ।

२. सुस्त नेट र गइरहने विजुली र सोलर व्याट्रीले काम नगर्दा सेवाग्राहीलाई केही वेर पर्खन पर्ने बाध्यता रहेको ।

३. उपभोक्ता समितिलाई सम्झौता देखि अन्तिम भुक्तानी लिदासम्म कागजी ज्ञान नभएका कारण दुःख पाएको गुनासो सुन्नपर्ने आदी ।

४. समयमै चिठीपत्र आदान प्रदान गर्न समस्या रहेको ।

## समस्या समाधानका उपायहरु

१. सामान्य कम्प्युटर, प्रिन्टर तथा नेट समस्या भएमा त्यसको समाधान गर्न सकिने किसिमको कर्मचारीलाई तालिम दिनु पर्ने ।

२. नेटवर्क अति छिटो चल्ने कुनै प्रविधि भए त्यसलाई प्रयोगमा ल्याउने, व्याट्री इन्भरटर बेला बेलामा चेक गर्ने प्राविधिक पठाई समस्या समाधानको व्यवस्था गरिदिने ।

३. उपभोक्ता समिति गठन भएपछि समितिका पदाधिकारीहरुलाई सम्झौता देखि अन्तिम भुक्तानी लिदासम्मका प्रक्रियाको बारेमा तालिम दिने व्यवस्था भएमा उचित हुने देखिन्छ ।

४. कार्यालय सहयोगी नभएको कारण पत्रहरु समयमै लिन तथा सम्बन्धीत पक्षसम्म पु¥याउन एक जना कार्यालय सहयोगीको व्यवस्था गर्नुपर्ने ।

वडा नं. ५

## लक्ष्य नतोकिएका क्रियाकलापहरु र सम्पादन अवस्था

१. व्यक्तिगत घटना दर्ता: ५१० वटा, अनलाईनबाट २४० र २७० वटा हस्तलिखित
२. वडा समितिको बैठक संख्या: २० पटक
३. अन्य सरोकारवालासँगको बैठक संख्या: २०
४. अनलाईन मार्फत सामाजिक स'रक्षा लाभग्राहीको नाम दर्ता: ५७५ जना
५. मालपोत तथा सम्पत्ती कर रु ५,०२,२४८।५०
६. नगदी ÷सिफारिस रु ९,१२,०७६।१५
जम्मा: १४,१४,३२४।६५
७. व्यवसाय दर्ता जम्मा: १९ वटा
८. सामु'दाय प्रहरी साझेदारी कार्यक्रम अन्तरगत वडा समिति गठन ।
९. आयश्रोत स्वदेशी र विदेशी: २१
१०. जग्गा नामसारी सिफारिस: २०
११. घरबाटो सिफारिस: २२४
१२. बिद्य'त सिफारिस: ११०
१३. नाता प्रमाणित: ७७
१४. चार किल्ला सिफारिस: १६०
१५. नागरिकता सिफारिस: १९७
१६. नागरिकता प्रतिलिपी सिफारिस: १०५
१७. घर जग्गा मूल्यांकन सिफारिस: ४
१८. साधारण सिफारिस: ३५०
१९. बसाई सराई आउनेलाई सेवा शुल्क: १५
२०. नाम थर प्रमाणित स्वदेशी तथा विदेशी: २०

२१. जन्म र विवाह प्रमाणितः १०
२२. संघ संस्था र विविधः ६
२३. सर्जमिन सहित सिफारिसः २२
२४. टिकट निवेदनः १२५४
२५. पेन्सन नामसारी स्वदेशी र अंगीकृत ना.सी. २
२६. खानेपानी/विद्युत/शिक्षा र पारिवारिक लगतः २५
२८. सामुदायिक प्रहरी साझेदारी समिति तथा स्थानीयको सहयोगमा विभिन्न वस्तीमा गै गाँजा नष्ट गर्ने कार्यक्रम तथा विद्यालयमा लागू औषध सम्वन्धी जनचेतना कार्यक्रम, बाल विवाह, वहु विवाह, अनमेल विवाह तथा घरेलु हिंशा सम्वन्धी सचेतीकरण
२९. वडामा परेका करिव १५ वटा स्थानीय झैभगडा, जग्गा विवाद, घरेलु हिंशा सम्वन्धी उजुरी परेकोमा सवै जसो मिलापत्र गराइएको र केही न्यायीक समिति घोराही उप–महानगरपालिकामा पठाइएका

**सम्पादन हुन नसकेको भए कारणहरु**

१. खर्च शिर्षक अनुसार सम्वन्धीत शिर्षकमा रकम खर्च नभएकोले ।
२. खर्च शिर्षककै अधिनमा रही रकमान्तर गर्ने कार्य उचित नठानेकाले ।

**कार्यक्रम सम्पादनका क्रममा आइपरेका समस्या र चुनौतीहरु**

१. एक वडा एक प्राविधिकको व्यवस्था नहुँदा योजना फरफारकमा समस्या ।
२. वडामा लेखाको कर्मचारी नहुँदा रकम भुक्तानीको लागि उपभोक्ताले सास्ती पाएको ।
३. विषयगत शाखाहरुबाट वडासँग समन्वयको कमी ।

**समस्या समाधानका उपायहरु**

१. एक वडा एक प्राविधिकको व्यवस्था हुनुपर्ने
२. योजनाको फरफारक वडा कार्यालयबाट गर्ने व्यवस्था मिलाउनु पर्ने
३. वडा सचिवहरुको मात्र मासिक बैठक छुट्टै राखिनु पर्ने
४. विषयगत शाखाबाट वडासँग समन्वयको भुमीका खेल्नुपर्ने

# वडा नं. ६

## लक्ष्य नतोकिएका क्रियाकलापहरु र सम्पादन अवस्था

- वडा कार्यालयको हाता भित्र रहेकाव सिसौ लगायतका विभिन्न जातका रुखहरु कटान गर्ने प्रकृया अगाडी बढाइएको ।
- प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत लखुवारमा एउटा कलभर्ट निर्माण भएको रु.४५००००।-(चार लाख पचास हजार मात्र)

## कार्यक्रम सम्पादनका क्रममा आइपरेका समस्या र चुनौतीहरु

- उपभोक्ता समितिका पदाधिकारीहरुलाई प्राविधिक र आर्थिक प्रशासन सम्बन्धी जानकारी प्राप्त नभई कार्य सम्पादनमा समस्या देखिएको ।
- कार्यक्रम सम्पन्न भई भुक्तानी लिने क्रममा आर्थिक प्रशासन सम्बन्धी पूर्ण जानकारी नभई भुक्तानी लिदा कागजात मिलान गर्न समस्या आएको ३ रकम अभाव भई माग बढ्दा योजना बाँडफाँड गर्न कठिनाई भएको ।

## सम्पादन हुन नसकेको भए कारणहरु

- भचना निर्माणमा सम्बन्धीत उपभोक्ता विच विवाद भई कार्य सम्पन्न नभएको रु १ लाख ।
- विपद व्यवस्थापन तर्फ गत आ.व. मा यस वडामा विपद सम्बन्धी घटना नघटी माग नआएकाले कार्य सम्पन्न हुन नसकेको रु २ लाख ।

## समस्या समाधानका उपायहरु

१ नं. को समस्या समाधान गर्न उपभोक्ता समितिका पदाधिकारीहरुलाई प्राविधिक र आर्थिक प्रशासनिक तालिम प्रथम चौमासिकको दोस्रो महिना भित्र प्रदान गरि सक्नु पर्ने ।

२ नं. को समस्या समाधान गर्न उपभोक्ता समितिका पदाधिकारीहरु र वडाका कर्मचारीहरुलाई लेखापालन तथा जिन्सी व्यवस्थापन सम्बन्धी तालिम प्रथम चौमासिकको दोस्रो महिना भित्र प्रदान गरिसक्नु पर्ने ।

३ नं. को समस्या समाधान गर्न घोराही उप महानगरपालिकाले समय अनुसार बजेटको रकम वृद्धि गर्दै जानुपर्ने ।

## वडा नं. ७

### लक्ष्य नतोकिएका क्रियाकलापहरु र सम्पादन अवस्था

१.मालपोत तथा सम्पत्ती कर रु ७,५४,८३७५८

२.नगदी /सिफारिस रु ९, ३९, ३४७।६५ जम्मा : १६,९४,१८५।२३

३.व्यक्तिगत घटना दर्ता : ३८९ वटा,अनलाईनबाट ३०४ र ८५ वटा हस्तलिखित

४.वडा समितिको बैठक संख्या : ३२ पटक

५ सामाजिक सुरक्षा लाभग्राहीको संख्या : ४३९ जना

६.व्यवसाय दर्ता जम्मा : ७० वटा

७.सामुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तरगत वडा समिति गठन ।

८. मोही लगत कट्टा सिफारिस : १२

९.जग्गा नामसारी सिफारिस : १८

१०.घरबाटो सिफारिस : ५५६

११.बिद्युत सिफारिस : ७७

१२.नाता प्रमाणित : १२६

१३.चार किल्ला सिफारिस : १५५

१४.नागरिकता सिफारिस : २९४

१५.नागरिकता प्रतिलिपी सिफारिस : ८४

१६.घर जग्गा मूल्याकंन सिफारिस : ८

## सम्पादन हुन नसकेको भए कारणहरु

१ गत आ.ब.मा दैबिक प्रकोपका घटना नभएकोले गर्दा बिपद ब्यबस्थापनमा बिनियोजित रकम खर्च हुन नसकेको ।

२.प्रधानमन्त्रि रोजगार कार्यक्रम अन्तर्गतको मा.बि.सौंडियारको पर्खाल निर्माणको लगत ईष्टिमेट हुन नसकेको कारण काम हुन नसकेको ।

## कार्यक्रम सम्पादनका क्रममा आइपरेका समस्या र चुनौतीहरु

१. उपभोक्ता समितिमा अलमल,दक्षताको कमि, योजना  छनौटमा त्रुटी (लगत ईष्टिमेट बिनानै बजेट बिनियोजन),योजना शुरु गर्दा बजेटको समस्या भएको जनगुनासो ।

२ .कर्मचारी अभाव ,दरबन्दि अनुसार कर्मचारी पदपूर्ति नभएको ।

३ .तालिम संचालनमा बिषय बिज्ञको समस्या ।

## समस्या समाधानका उपायहरु

१) उपभोक्ता समितिलाई योजना संचालन पकृया,कर आदि बिषयमा तालिमको ब्यबस्था ।

२) योजना छनौट प्रकृयामा सुधार गर्नु पर्ने(शंभाबित योजनाको सूचि तयार-लगत इष्टिमेट-योजना छनौट तथा ल.इ. अनुसार बजेट बिनियोजन) र काम शुरु गर्नको लागि पहिलो किस्ता पेश्की दिनुपर्ने ।

३) दरबन्दि अनुसार कर्मचारीको पद पूर्ति,समय समयमा कर्मचारी एबँ जनपतिनिधिहरुलाई बिद्यमान ऐन,नियम,सूचना,पबिधि आदि बिषयमा बिषय बिज्ञहरु द्वारा तालिमको ब्यबस्था ।

४) तालिम संचालनको लागि बिषय बिज्ञ प्रशिक्षकहरुको सूचि प्रकाशित ।

# वडा नं. ९

## १. सम्पादन हुन नसकेको कार्यहरु र कारण

अस्पुरी जेष्ठ नागरिक दिवा सेवा केन्द्र शौचालय भवन प्राविधिक लागत स्टिमेट अनुसार वजेटको कमी ।

दुविचौरा विद्युत विस्तार उपभोक्ताहरु संझौता गर्न नआएको ।

## २. लक्ष्य नतोकिएका क्रियाकलापहरु र सम्पादन अवस्था

- **राजश्व संकलन रु.१८४३८९४.२१**
- **व्यक्तिगत घटना दर्ता ६२९ जना**
- **सामाजिक सूरक्षा ५५३ जना**

# वडा नं. १४

## १. सम्पादन हुन नसकेको कार्यहरु

छैन ।

## २. लक्ष्य नतोकिएका क्रियाकलापहरु र सम्पादन अवस्था

- **राजश्व संकलन रु.७२८७७०५.९८**

## ३. कार्यक्रम सम्पादनका क्रममा आइपरेका समस्या र चुनौतीहरु

- कर्मचारीको अभाव भएको ।
- योजना संचालनमा प्राविधिक स्टिमेट परिवर्तन भैरहने भएकोले पत्र लेखिरहनु पर्ने ।
- योजना संचालनमा झन्झटिलो र प्रकृया अस्पष्ट भएको ।
- कर्मचारीहरुलाइ विषयगत अभिमुखिकरण तालिमको अभाव महशुस गरिएको ।
- घर नक्सा पास नगराइ घर टहरा निर्माण भैरहेको ।
- वजारमा व्यवसाय दर्ता तथा नविकरण नगरी राजश्व छली भैरहेको ।
- वडा स्तरको योजनाहरुको भुक्तानी प्रकृया झन्झटिलो र कष्टकर भएको ।
- विभिन्न स्थानहरुमा सडक अतिक्रमण तथा ऐलानी जग्गा अतिक्रमण र वेचविखन भैरहेको

## समस्या समाधानका उपायहरु

- कामको चापको आधारमा कर्मचारी उपलब्ध हुनुपर्ने ।
- प्राविधिक र अमिनको भएमा तथा स्टिमेट परिवर्तन नभएमा ।
- राजश्व तथा प्रशासनिक कामका लागि १ जना कर्मचारी भएमा ।
- व्यवसाय दर्ता तथा नविकरण भए नभएको अनुगमन हुनु पर्ने ।
- सडक तथा ऐलानी अतिक्रमन रोक्न नगरप्रहरीको व्यवस्था हुनुपर्ने ।

# वडा नं. १८

## १. सम्पादन हुन नसकेको कार्यहरु

छैन ।

## २. लक्ष्य नतोकिएका क्रियाकलापहरु र सम्पादन अवस्था

- व्यक्तिगत घटनादर्ता (६१४ जना)
- विविध सिफारिस ५१८७
- सामाजिक सुरक्षा वितरण ११७२ जना
- **राजश्व संकलन रु.२३२४२७९.१३**
- घटना दर्ता रु. २९८५०।-

## ३. कार्यक्रम सम्पादनका क्रममा आइपरेका समस्या र चुनौतीहरु

- कर्मचारी अभावका कारण दैनिक हुने प्रशासनिक कार्यमा वाधा भएको ।
- उपभोक्ता समितिहरु समयमा गठन नभइदिँदायवजनाकव काम समयमा सम्पन्न गर्न मुस्किल भएको ।
- प्रस्तावना नवनाएरै लक्षित वर्गको कार्यक्रम संचालन भइदिँदा रकम भुक्तानीमा समस्या ।
- घोराही उपमहानगरपालिका नगरकार्यपालिकाले परपत्र विना जिम्मेवारी तोकिदिने हुँदा कर्मचारीहरु अन्यौलमा रहने गरेको ।
- सम्पूर्ण वडा स्तरीय योजना तथा कार्यक्रमको भुक्तानी नगरवाट नै हुने हुँदा सेवाग्राही तथा कर्मचारीहरु अनावश्यक समस्या झेल्नु परेको ।



चेपे जलाशय वडा नं १ र २



धारापानी एसियाको अग्लो त्रिसूल, घोराही उपमहानगरपालिका वडा नं. ५




घोराही उपमहानगरपालिका र चिनको सिचुवान प्रान्तको,यानसिटी शहर विच भगिनी सम्वन्ध कायम ।

# कार्यक्रमका केही झलक
















# कार्यक्रमका केही झलक



केही जिज्ञासा ?

# धन्यवाद

